# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### दामन रिसोर्ट ठेक्काबाट सञ्चालन सम्बन्धी १५ दिने बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/४/२९गते**

थाहा नगरपालिकाद्धारा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ मा व्यवस्था भए बमोजिम आ.व. २०७८/०७९ सम्म १ वर्षको लागि दामन रिसोर्ट भ्युटावर समेत एकमुष्ट बढावढको माध्यमद्धारा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले मु.अ.क.सहित दर्तावाला इच्छुक व्यक्ति वा संस्थाले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा सूचित गरिएको छ ।

<u>शर्तहरु:</u>

१. गोप्य शिलबन्दी बोलपत्र उल्लेखित दस्तुर बुझाई खरिद गर्न सकिनेछ ।

२. बोलपत्र १६औं दिनको १२ बजे सम्म दर्ता गराउन सकिने छ ।

३. बोलपत्र १६औं दिनको २.००बजे थाहा नगरपालिकामा खोलिने छ ।

४. गोप्य शिलबन्दी बोलपत्र बोलदाता स्वयंम् वा निजको प्रतिनीधि र कार्यालयको प्रतिनीधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ, बोलदाता वा निजको प्रतिनीधि उपस्थित नभए पनि गोप्य शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र साथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत (पाँच प्रतिशत) रकम यस कार्यालयको कृषि विकास बैंकको धरौटी खाता ग–३ ०५०८४०११५५७३८०३० मा जम्मा गरेको सक्कलै भौचर संलग्न राख्नूपर्नेछ ।

६. गोप्य शिलबन्दी बोलपत्रमा आफूले कबुल गरेको अंक र अक्षर दुबै स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ, केरमेट भई अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्दा खाममा राखी शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र बोलपत्रको शीर्षक स्पष्ट खुलाउनुपर्नेछ साथै गोप्य शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

८. बोलपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजस्व कार्यालयमा होटल,फर्म दर्ता भई आर्थिक वर्ष २०७६/०७७को कर चुक्ता भएको हुनुपर्ने छ र पेश गर्ने होटल,फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी स्थानीय फर्मको हकमा व्यवसायकर प्रमाण पत्रको प्रतिलिपी मुल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ साथै बोलदाताको नागरिकता प्रमाणपत्र, एकीकृत सम्पत्ति कर तथा अन्य व्यवशाय भए सो को कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

९. म्याद नाघि आएको वा रित नपुगेको वा कुनै शर्त राखि पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०. धरौटी वाहेक २० प्रतिशत बराबरको रकम दाखिला गरी बाँकी किस्ता रकम बराबरको कार्य सम्पादन जमानत ( Performance Bond गरेको एक वर्ष म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

११. आफुले कबोल गरेको रकम एकमुष्ठ वुझाई संझौता गरेमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४को नियम १६७ अनुसार १० प्रतिशत छुट दिईने छ ।

१२.ठेकदारले भ्युटावर,किचेन,स्टोर,रेष्टुरेण्ट र भ्युटावर अगाडीको हल मात्र प्रयोग गर्न पाउने छ साथै ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुने र दुबै पक्षलाई मान्य हुने छ ।

१३. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७(सात)दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ ।

१४. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकदारले राखेको धरौटी रकम जफत गरि प्रचलित ऐन नियमानुसार गरिने छ ।

१५. सम्झौता गर्दा किस्ता बुझाई बांकी रहेको किस्ता मध्ये प्रथम किस्ता ३० प्रतिशत दोश्रो किस्ता ३०प्रतिशत र तेश्रो किस्ता तथा अन्तिम किस्ता वापत १५ प्रतिशत रकम वुझाउनु पर्ने छ,तोकिएको अवधि भित्र किस्ता नवुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्ने छ ।

१६. ठेकदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाह,छुट हर्जना,सहुलियत माग गर्न पाउने छैन ।

१७. बोलपत्र स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र कबुलियत गरि चलन पुर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरि नियमानुसार घटिवाला संग ठेक्का सम्झौता गर्न सकिने छ ।

१८. नगरपालिकाको कुनै प्रकारको बाँकी वक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीहरु बोलपत्रमा भाग लिन पाउने छैन् ।

**१९. बिधुत महसुल र पानी महसुल बोलपत्रदाताले नै बुझाउनु पर्ने छ साथै रर्सोट सुरक्षाको लागि मुलगेटमा गेट पालेको व्यवस्था अनिवार्य रुपमा बोलपत्रदाता स्वयंमले नै गर्नुपर्ने छ ।**

**२०.ठेक्का असुली दररेट यस कार्यालयको सुचना पाटीमा टाँस गरिनुको साथै बोलपत्र फारम साथै उपलब्ध गराईने छ साथै नियमानुसार तिर्नु पर्ने सबै किसिमको करहरु ठेकेदारले स्वयंले नै सम्वन्धित निकायमा तिर्नु पर्ने छ ।**

**तपसिलः**

| ठेक्का नं. | ठेक्काको किसिम | ठेक्का अवधि | न्युनत्तम अंक | टेण्डर फारम दस्तुर |
|---|---|---|---|---|
| ०५/०७८/०७९ | दामन रिर्सोट तथा भ्युटावर सञ्चालन | १वर्ष | ३,२०,०००/ | रु. १०००/- |